## गुर्भाकोट नगरपालिका सुर्खेतको एघारौं नगरसभामा प्रस्तुत आ.व.२०७९।०८० को बजेट तथा कार्यक्रम ।

# खण्ड-१

# परिचय र समीक्षा

**सभाका अध्यक्ष ज्यू**

स्थानीय तहको सरकारको दोस्रो कार्यकालका लागि निर्वाचित भै यस गुर्भाकोट नगरपालिकाको वार्षिक वजेट तथा कार्यक्रम यस सम्मानति सभामा प्रस्तुत गर्न पाउँदा हर्ष लाग्नु स्वाभाविकै हो । गुर्भाकोट नगरपालिकाको दोस्रो कार्यकालका लागि निवाचित भै यस सम्मानित नगर सभाको गरिमा बढाई रहनु भएका सम्मानित अध्यक्ष तथा नगर सभा सदस्यज्यूहरूलाई हार्दिक बधाइ तथा सफल कार्यकालको शुभकामना दिन चाहन्छु । साथै हामीलाई निर्वाचित गराउनु हुने सम्पूर्ण नगरबासी आमा बुबा,दाजु भाइ, दिदी बहिनीहरूलाई हृदय देखि धन्यवाद दिन चाहन्छु। गुर्भाकोट नगरपालिकाको आर्थिक,सामाजिक,सांस्कृतिक रुपान्तरणका लागि आ व २०७९। ०८० को वार्षिक वजेट तथा कार्यक्रम यस गरिमामय सभामा प्रस्तुत गर्न पाउदा ज्यादै खुशी लागेकोछ ।

यस अवसरमा प्रजातन्त्र, लोकतन्त्र र गणतन्त्रको प्राप्ती र कर्णाली प्रदेश स्थापनार्थ शहिद हुनुहुने ज्ञात/अज्ञात शहिदहरू प्रति भावपूर्ण श्रद्धान्जली प्रकट गर्न चाहन्छु, साथै उक्त आन्दोलनमा घाईते हुनु हुनेहरू प्रति स्वास्थ्य लाभको कामना गर्दछु । आन्दोलनमा सहभागी भै योगदान पुरर्याउनु हुने महान व्यत्तित्वहरूप्रति उच्च सम्मान व्यक्त गर्न चाहन्छु।

**सभाध्यक्ष महोदय**

**म आ.व.२०७९। ०८० को वार्षिक बजेट तथा कार्यक्रम प्रस्तुत गर्नु पुर्व हालसम्म भएका प्रगति एवं चालु आ.व.मा भएको प्रगतिको संक्षिप्त समीक्षा प्रस्तुत गर्ने अनुमति चाहन्छु।**

१. साविकमा सुभाघाट गंगामाला नगरपालिका,सहारे,मालारानी र धारापानी गा.वि.स.मिलेर यस नगरपालिकाको निर्माण भएको सवैलाई अवगत भएकै छ । २२८.६० वर्ग कि.मि. क्षेत्रफल फैलिएको यस नगरपालिकामा २०६८को जनगणना अनुसार ४३ हजार ७ सय ६५ जनसंख्या रहेकोमा जनसंख्या वृद्धि एवं बसाई सरी आउने कारणले हाल करीव ५० हजार भन्दा वढी नागरिकको बसोबास गरेको अनुमान गरिएको छ। १४ वटा वडामा विभाजित यस नगरपालिकामा विभिन्न भुगोल रहेका वडा मध्ये वडा नं. ३,१,५ पुरै भाग र वडा नं.२,१४,११,१२ को केहि भाग उच्च पहाडी भिरालो जमिन मिलेर वनेको व्यहोरा यहाँहरूमा जानकारी भएकै छ। भिरालो,उच्च पहाडी भागमा नगरवासीले सहज जिवनयापन गर्न, विकास निमार्ण गर्न कम

चुनौति छैन । यस्ता वडामा वस्ने नगरवासीहरुको मुहार उज्यालो वनाउन समेत नजिकको जिम्मेवारी निकाय गुर्भाकोट नगरपालिका हो भन्दा अतिसयुक्ति हुदैन जस्तो लागेको छ ।

१. नेपालको संविधान २०७२ ले व्यवस्था गरको तीन तहको सरकार मध्ये स्थानीय तहको निर्वाचन २०७४ सम्पन्न भए पश्चात स्थानीय नागरिकको आकांक्षा पुरा गर्न जनप्रतिनिधिको उपस्थिति पुरा भए पनि कार्य संचालन गर्न ज्यादै कठिनाई महसुश भएको थियो । कानुनी शासन संचालन गर्न कानुनी शुन्यतालाई चिर्दै अघिल्लो कार्यकालमा स्थानीय तह आफैमा एक तहको सरकार भएकाले हामीले नेपालको संविधान २०७२ तथा स्थानीय सरकार संचालन ऐन २०७४ अनुसार नेपालको संविधान २०७२ को अनुसूचि ८ मा भएका अधिकार कार्यन्वयन गर्न विभिन्न ऐन, नियामावली,कार्यविधि र निर्देशिका तयार गरी लागु गरिएको छ । अहिलेसम्म वनेका ऐन, नियामावली,कार्यविधि र निर्देशिका एथेष्ठ मात्रामा पुगेको भन्ने होईन ऐन कानुन समय सापेक्ष नयां वन्दै जाने र आवश्यकता अनुसार संशोधन हुदै जाने विषय पनि हो । हाल सम्म ऐन १२,नियामावली ६ कार्यविधि,निर्देशिका ३४ वटा वनेर लागु भएका छन। यसले आगामी दिनमा गरिने कार्यमा वैधानिकता प्रदान गर्न सहज भएको छ,भन्ने विश्वास लिएको छु ।

२ त्यसै गरी नागरिकलाई घरदैलोवाट सेवा सुचारु गर्न स्वयं नगरपालिकाको भवन नभएको अधिकांस वडा कार्यालय नभै भाडामा संचालन गर्नु परेको,भाडामा संचालित भवनवाट सेवा दिदा साँघुरा भवन कार्यालय अनुकुलको वातावरण नहुदा ठुलो समस्या झेल्नु पर्ने वाध्यतालाई चिर्दै नगरपालिकाले सेवा प्रदान गर्न आफ्नै एकृकीत भवन निर्माण भैसेको छ १४ वटा वडा कार्यालयहरु मध्ये १२ वटा वडाले आफ्नै भवनवाट सेवा प्रदान गरिरहेको ब्यहोरा यस सम्मानीत सभालाई स्मरण गराउन चाहन्छु ।

३. यस गुर्भाकोट नगरपालिका समथर र उच्च भु-वनोट भएको कुरा सवैलाई विदितै छ । कार्यकालका हिसावले प्रथम निर्वाचनवाट आएको अघिल्लो सरकारलाई नागरिकका विकास लगायतका अपेक्षा पुरा गर्नु कम चुनौति थियन। सिमित श्रोतलाई अधिकतम उपयोग गर्ने नीति अनुरुप ठुलो धनराशि नगरपालिकाका भवन निर्माण जस्ता क्षेत्रमा समेत लगानी गर्न प-यो । भौगोलिक दृष्टिले अति विकट क्षेत्र वडा नं.११ को लेखसुर्मा, कांडा सुर्मा वडा नं.३ को अवल कुरिल्ले वथान डांडा वडा नं. २ गुफा देखि तल्लो मालारानी डाँडा गाउं हुंदै गोचे खोला लगायतका क्षेत्रमा समेत चालु आ व मै सडक संजालले जोडिने भएको छ । नगरपालिकाका सवै वस्तिमा कच्ची धुले सडक संजालले जोडि सकेको छ ।

४ सडक संजालले नजोडिएका यस नगर पालिकाका दुर्गम वस्तीहरुका जनतालाई आवत जावतमा सहजता ल्याउन चालु आ व को यस अवधि सम्म प्रधान्मनत्री रोजगार

कार्यक्रमवाट ४.५ कि मी गोरेटो सडक २.८ कि मी कच्ची सडक नाला निर्माण र मुख्यमन्त्री कार्यक्रमवाट ३.८ कि मी गरी जम्मा १३.३ कि मी सडक निर्माण , कच्ची सिंचाइकूलो २.८ कि मी पक्की सिचाई कूलो ४.१ कि मी , साना ठूला गरी ५ वटा कल्भर्ट र ८०० मिटर तटबन्धको कार्य सम्पन्न गरिएकोछ । उक्त कार्यक्रमवाट यस अवधिमा जनाले रोजगारीको अवसर पनि पाएका छन् ।

५ .यस नगरपालिकाको विभिन्न वडाका विकट विद्युतको पहुँच नपुगेको वस्तीहरूका नागरिकहरूलाई अध्यारोवाट मुक्त गरी उज्यालो नगर वनाउन यस नगरपालिका र सामुदायिक विद्युतीकरण आयोजनाको साझेदारीमा विद्युत लाइन विस्तार कार्य तिव्र गतिमा अगाडी वढेकाले छिट्टै अध्यारा वस्तिमा केन्द्रीय विद्युत प्रसारण लाइन जोडिने छ भन्ने विश्वास लिएको छु ।

६. नगरवासीलाई घरदैलोवाट स्वास्थ्यको आधारभुत सेवा पु-याउन स्वास्थ्य संस्था नभएका वडाहरूमा स्वास्थ्य चौकी ६ वटा रहेकोमा आधारभुत स्वास्थ्य केन्द्र, ७ वटा र स्वास्थ्य संस्था टाढा भै सेवा लिन सहज नभएका क्षेत्रमा शहरी स्वास्थ्य केन्द्र ५ वटा स्थापना गरी जनशक्ति समेत व्यवस्था भै सेवा सुचारू भएकाले विषेश गरी गर्भवती महिला,वालवालिकालाई सेवा लिन सहज भएको महसुश गरिएको छु ।

८ त्यसै गरी संचालित स्वास्थ्य चौकीवाट थप सेवा प्रदान गर्न गुमी स्वास्थ्य चौकी, दहचौर स्वास्थ्य चौकी, सहारे स्वास्थ्य चौकी र मालारानी स्वास्थ्य चौकीमा ल्याव सेवा निरन्तरता दिइएको छ ।

९ यस नगरपालिकामा आर्युवेद तथा वैकल्पिक उपचार पद्दतिवाट नगरबासीलाई उपचार सेवा प्रदान गर्न दहचौर स्वास्थ्य चौकीमा गत आ व देखि आयुर्वेद उपचार सेवा समेत संचालनमा आएको जानकारी गराउँछु ।

१०. नगरबासीलाई घर दैलोमै स्वास्थ्य सेवा पुर्याउन संघीय सरकारको सहयोगमा वडा नं १ मा आधारभूत स्वास्थ केन्द्र भवन निमाण गरिंदै छ । विगत आ व मा निर्माण सम्पन्न भएका अधारभूत तथा शहरी स्वास्थ्य केन्द्रहरूमा तारवार प्रतिक्षालय निर्माण अपांग मैत्री भौतिक संरचना निर्माण लगायतका काय सम्पन्न हुने क्रममा छन ।

११. विश्व भर महामारीका रूपमा फैलिएको कोभिड १९को संक्रमणवाट बच्न हाल सम्म ३७६१९ जना लाई पहिलो मात्रा ३४८४२ लाई दोस्रो मात्रा र १५५५४ जनालाई थप तेस्रो मात्रा खोप दिइएको छ । हाल सम्म लक्षित जनसंख्याको ९१ प्रतिशतले पहिलो मात्रा र ८५ प्रतिशतले

पूरा मात्रा खोप  पाएका छन ।  खोप अभियानलाइ सक्रियता पूर्वक संचालन गरिंदैआइएको छ ।

१२ चा लु आ.व.का शुरूका दिनमा  कोभिड १९ को संत्रास  कायमै रहेको र भविष्यमा  पनि यस किसिमका संक्रामक रोगहरूवाट नागरिकको जिउज्यानको  रक्षाका लागि यस नगरपालिका र प्रदेश सरकारको  सहकार्यमा मेहलकुना अस्पतालमा अक्सिजन प्लान्ट निर्माकार्य सम्पन्न भएको छ ।

१३  नगरबासीको स्वास्य समस्या प्रति संवेदनशील हुंदै  यस नगरपालिका  संघीय सरकार प्रदेश सरकार तथा नेत्र ज्योति संघ नेपालको सहयोगमा  गुर्भाकोट ८ मा  आँखा अस्पताल निर्माण कार्य अन्तिम चरणमा पुगेको छ भने विगतमा दिंइदै आइएको आँखा उपचार केन्द्रको सेवा हाल उक्त आँखा अस्पतालको भवनवाट  संचालन गरिएको छ । साथै उक्त अस्पतालवाट आँखाको शल्यक्रिया सेवा सुचारू भएको जानकारी गराउँछु ।

१४ सघीय सरकारको सहयोगमा गुर्भाकोट नगर पालिकालाई क्षय रोग मुक्त नगरपालिका घोषणा गर्न  आवश्यका कार्यक्रमहरू संचालन गरिएकोछ । गुर्भाकोट नगरपालिकालाई ओलो मुक्त नगरपालिका घोषण गर्न सक्रिय औलो रोग खोज पडताल अभियान संचालन गरिएको छ । मानसिक रोगीहरूको  पहिचान उपचार र परामर्श कार्यलाई  निरन्तरता दिइएकोछ । सुत्केरी पश्चात  दिइने उत्तर प्रसुति सेवालाई  दक्ष स्वास्थ्य कर्मी द्वार घरदैलो अभियान संचालन गरिएकोछ । गर्भवती आमा किशोर किशारीमा हुने  पोषण सुरक्षा प्रदान गर्नको लागि वृहत पोषण कार्यक्रम  नगर पालिका भरी संचालन गरिएको छ ।

१५. “शिक्षा क्षेत्रमा लगानी गर्नु भनेको सवै क्षेत्रमा प्रतिफल प्राप्त गर्नु हो” भन्दा अतिशयुक्ति नहोला । तर पनि कोभिड १९वाट सवै भन्दा वढी क्षेति ब्यहोरेको क्षेत्र मध्ये शिक्षा क्षेत्र पनि अग्र भागमा पर्दछ । गत वर्षको लामो वन्दाबन्दीका कारण झण्डै ७।८ महिना विद्यालय वन्द हुन पुगे । चालु आ.व.मा समेत असोज सम्म विद्यालयहरू वन्द रहेका थिए  । यस समस्याका वावजुद पनि राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमवाट २ वटा ४ कोठे विद्यालय भवन, १० वटा २ कोठे भवन निमाण गरिएको छ . I C T  ल्याव ३ वटा  १ वटा पुस्तकालय १ वटा विज्ञान प्रयोगशाला निर्माणको कार्य सम्पन्न हुने अवस्थामा रहेका छन । नमूना विद्यालयल  भौतिक पूर्वाधार निर्माण कार्यलाई निरन्तरता दिइएको छ । यस नगरपालिकाको शिक्षा क्षेत्र योजना निर्माणकार्य अन्तिम चरणमा पुगेको छ । प्रविधिमैत्री विद्यालय निर्माणका लागि आधारभुत (६ ८) विद्यालय १० तथा आधारभुत (१ ५) १३ वटा गरी जम्मा २३ वटा विद्यालयमा कम्प्युटर तथा प्रिन्टर ब्यवस्थापन भएको छ ।

१५. सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीको पढाईमा गुण स्तर वढाउन विद्यालयको अवस्था बुझ्न जनप्रतिनिधि कर्मचारीको संयुक्त टोलीवाट सवै विद्यालयको अनुगमन निरीक्षण गर्ने कार्य समेत गरिएको छ । विद्यालयमा देखिएका समस्या समाधानकका लागि नगर स्तरीय शिक्षा समितिमा ब्यापक छलफल गरी समाधानका उपाय अवलम्वन गरिएको विद्यालयको कक्षा थप गर्दा स्थलगत निरीक्षण गरी प्रतिवेदनका आधारमा मापदण्ड पुरा गरेका विद्यालयलाई मात्र स्वीकृती प्रदान गरिएको ब्यहोरा सम्मानीत सभालाई जानकारी गराउन चाहन्छु ।

१६ चालु आ व मा महिला वालवालिका तथा समाज कल्याण शाखावाट नगर भित्र रहेका ३०९ जना नागरिकहरूलाई अपांग परिचय पत्र वितरण गरिएकोछ । महिला हिंसा न्यूनीकरणका लागि २०० जनालाई,वालविवाह न्यूनीकरणका लागि १०० जनालाई, विभिन्न सचेतना मूलक तालिम २१९ जनालाई प्रदान गरिएकोछ ।

१७. यस नगरपालिकाका वडा नं.६,७,८ र ९ वडाका वस्तीलाइ स्वच्छ खानेपानी घरदैलोमा पुर्याउन नगरपालिकाको सक्रियतामा स्थानीय उपभोक्ताको लागत साझेदारी संघीय सरकार , नगर विकास कोष तथा एशियाली विकास बैंक ADB को सहकार्य र लगानीमा संचालित शुभाघाट वृहत खानेपानी योजनाको सम्पूर्ण भौतिक निर्माण कार्य सम्पन्न भइ धारा जडानको कार्य भै रहेको र यसै महिना भित्र परिक्षण संचालनको क्रममा रहेको छ । आगामी साउन भदौ भित्र उक्त आयोजनवाट वडा नं.६,७,८ र ९ का वस्तीहरूमा स्वच्छ खानेपानी उपलब्ध हुने छ भन्ने विश्वास लिएकोछु । वडा नं.१०,११,१२,१३ र १४ का लागि गंगामाला वृहत खानेपानी योजना फिल्ड सर्वे स्वीकृत भै सामाजिक सर्वेको कार्य सम्पन्न भै स्टिमेट डिजाइन निर्माण कार्य भै रहको छ । साथै यस नगरपालिकाका १ २ र ४ वडामा सुक्खा खानेपानी बृहत आयोजना स्वीकृत भै सैचालनको प्रकृयामा रहेको जानकारी गराउँदछु । त्यसै गरी चालु आ व मा नगरपालिकावाट विभिन्न वडामा ९१ वटा खानेपानी योजनाको मुहान संरक्षण मर्मत संभार कार्य सम्पन्न गरी खानेपानी आपूर्ति गरिएकोछ ।

१८. यस नगरपालिकामा वसोवास गर्ने नागरिकको आय आर्जन,जिवन निर्वाहका साथै रोजगारीको पहिलो क्षेत्रको रूपमा रहेको कृषि र पशुपालनमा नेपाल सरकार,कर्णाली प्रदेश सरकार र यस नगरपालिकाको लगानीमा थुप्रै विकास भएको छ । वडा नं.५,मा ५०० मिटर आर सि सि कूलो निर्माण भएको छ । समग्र नगरपालिका भरी सिचाई कूलो निर्माण, ड्याम निर्माण, पाइप खरिद लगायत ट्याँकी निर्माण गरी जम्मा ९९ सिचाइ योजना संम्पन्न हुने अवस्थामा पुगेका छन् ।

१९. ब्यवसायिक च्याउ उपादनको लागि वडा ६ ,७ ९ र १३ मा ६ वटा फलामे टनेल निर्माण गरिएको छ । कृषकलाई उत्पादनमा प्रोत्साहित गर्न कृषि अनुसनधान केन्द्रवाट सिफारिश गरिएका उन्नत जातका खाध्यान्न वालीमा धान,गहु,मकैको विउ,तेलहनमा तोरीको विउ,तरकारीमा

अदुवा आलुको विउ कृषकको ५० प्रतिशत अनुदान रहने गरी कृषकको माग अनुसार वितरण गरिएको छ । विउमा नगरपालिकालाई आत्म निर्भर वनाउन मकै वडा नं.११ र वडा नं.२ मा धान पकेट क्षेत्र कार्यक्रम निरन्तरता दिइएको छ । तरकारीमा यस नगरपालिकालाई आत्म निर्भर वनाउन गुर्भाकोट ५ मा तरकारी पकेट कार्यक्रम संचालन भएको छ ।यस आ व मा ५० प्रतिशत अनुदानमा कृषिमा यान्त्रिकीकरण उत्पादन लागत घटाउन ६७ वटा हाते ट्याक्टर वितरण गरिएकोछ ।

२० नगरलाई दुग्ध उत्पादनमा आत्म निर्भर वनाइ बाहिर निर्यात गर्न सक्षम वनाउन यस नगरपालिका र प्रदेश सरकारको सहयोगमा वडा नं २ र ८ मा ७३ ज्यान भैसी ५० प्रतिशत अनुदान वितरण गरिएको छ । स्थानीय नगरवासी पशुपालक कृषकलाई पशुपालन व्यवशायवाट प्रत्यक्ष फाईदा लिन र कृषकको लगानी कम गरी वजारमा प्रतिष्पर्दा गराउने उदेश्यले यस नगरपालिले ५० प्रतिशत अनुदानमा विभिन्न वडाका नीजि गाइ भैंसी फर्म सुधार १२ वटा बाख्राको फर्म सुधार ११ वटा , हाते चारा मेशिन वितरण ,८० वटा विद्युतीय चारा मेशिन ७ वटा र उन्नत नश्लको बोका वितरण १४ वटा सम्पन्न गरिएको छ । यस नगर भित्रका व्यवसायिक पशुपालक कृषकहरूलाई पशुआहारा सुधारको लागि उन्नतजातको हिउंदे र वर्षे घांसको विउ निशुल्क रूपमा वितरण कार्य सम्पन्न गरिएको छ । साथै वर्षातमा उन्नत डाले घासको विउ वितरण गरिने छ । पशु पन्छी उपचारको लागि यस नगरपालिकाको ६ वटा दुर्गम वस्तीहरूमा निशुल्क पशु उपचार शिविर संचालन गरिएको छ । यस नगरपालिकाको ५० प्रतिशत अनुदानमा ३० वटा भकारो सुधार कार्यक्रम तथा ३ वटा बाह्य परजिवी नियन्त्रणको लागि डिपिङ ट्याङ्क निर्माण सम्पन्न हुने क्रममा छ । कार्यालय तथा सेवाकेन्द्रवाट हुंदै आएको पशु उपचार कार्यलाई निरन्तरता दिइएको छ । प्रदेश सरकारको सहयोगमा निशुलक रूपमा २० हजार डोज पि पि आर खोप प्राप्त गरी नगरबासीका भेंडा तथा बाख्रमा खोप लगाइएकोछ ।

२१. लक्षित वर्ग विशेष कार्यक्रम अन्तर्गत यस नगरपालिकाको वडा नं ११ मा ८० घरधुरीमा ८० बाख्रा वितरण कार्य सम्पन्न हुने क्रममा छ । यस नगरपालिकाको वडा नं १३ मा ५० प्रतिशत अनुदानमा मासु पसल सुधार ४ वटा, बंगुर खोर सुधार १२ वटा, उन्नत जातको बोका ६ वटा , वटा विद्युतीय चारा मेशिन ५ वितरण कार्य सम्पन्न भएको छ । यस नगरपालिकाको वडा नं १ मा दलित तथा जनजातिका ५० घरधुरी ५० बंगुर पाठा वितरण कार्य सम्पन्न भएको छ । वडा नं १० मा विपन्न एकल महिला ६१ जनालाई प्रति व्यक्ति १२ वटाका दरले ७३२ कुखुराका चल्ला दलित समूदायका लागि ५ वटा बाख्रा तिरण गरिएकोछ । वडा २ दलित समूदायका लागि ८४ घर धुरीमा गिरिराज चल्ला वितरण

कार्यक्रम संचालन गरिएको छ । आय आर्जन कार्यक्रमका लागि वडा १२ मा ५ वटा बाख्रा विरण गरिएको छ ।

२२. स्थानीय जनशक्तिलाई सीप युक्त तालिमको विकास गरी स्थानीय व्यवसायको प्रबर्द्धन गरी गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम मार्फत यस नगरपालिका विभिन्न वडाहरूमा लघु उद्यम विकास कार्यक्रम मोडेलमा रही ८५ जनालाई विभिन्न सीप मूलका तालिम सम्पन्न गरी स्वरोजगार वन्न प्रोत्साहित गरिएको छ, । तालिम लिईसकेपछि प्रविधिको अभावमा व्यवशाय संचालन गर्नवाट वन्चित हुन नपरोस भन्ने उदेश्यले तालिम प्राप्त गरेका मध्यवाट ४ समूहलाई उन्नतजातको बोका र वडेजो क्यास्ट्रेसन मेशिन समेत वितरण गरिएको छ भने सिलाइ कटाइ तालिम प्राप्त गरेका ३१ जना लाई सिलाइकटाइ मेसनि प्रविधिको रूपमा हस्तान्तरण गरिएको छ ।

२३ स्थानीय सीप युक्त जनशक्तिको विकास गरी युवा स्वरोजगार वृद्धि गर्नका लागि उपमेय उद्यम शिलता तथा युवा स्वरोजगार कार्यक्रमवाट ११ जनालाई पलम्विङ तालिम, १३ जनालाई सिलाइ मेशिन मर्मत तालिम , ८ जनालाई हायस वायरिङ्ग तालिम, १४ जनालाई दुना टपरी तालिम , १२ जनालाई मिनिटिलर मर्मत तालिमा १६ जनालाई फर्निचर निर्माण तालिम ७ जनालाई मार्वल टायल फिटिङ तालिम १८ जनालाई ढाका वुनाइ तालिम ३३ जना सिलाइकटाइ तालिम ३० जनालाई व्यवसायिक लेखा व्यवस्थापन तालिम १७ जनालाई व्यवसायिक योजना निर्माण तालिम गरी जम्मा १८२ जना युवालाई स्वरोजगार वनाउन प्रयास गरिएकोछ । तालिम लिईसकेपछि प्रविधिको अभावमा व्यवशाय गरी संचालन गर्नवाट वन्चित हुन नपरोस भन्ने उदेश्यले ३३ जनालाई मागमा आधारित सहयोग तथा प्रविधि हस्तान्तरण कार्यक्रम अन्तर्गत नगद अनुदान स्वरूप रू १ लाख सम्म वितरण गरिएकोछ । यसै गरी उद्यमी व्यवसायीहरूलाई विभिन्न कृयाकलापमा सहयोग पुगोस भनी वडा नं ५ र १४ मा उद्यम घरको निर्माण गरिएकोछ ।

२४. बर्षौ देखिको नगरबासीको आफूले भोगेको जग्गाको भोगचलनको प्रमाण पत्र प्राप्त गर्ने चाहाना यस नगरपालिकाको सहयोगमा चालु आव देखि पूरा हुने भएको छ । चालु आ व मा यस नगरपालिका साविक कोटमाझखर्कका १६ हेक्टर जग्गाको नाप नक्शा कार्य पूरा गरी ३४ वटा जग्गाधनी पूर्जा वितरण गरिएकोछ । बाँकी जग्गाको नाप नक्शा कार्य र पूर्जा वितरण कार्य आगामी आ व भित्रै पूरा हुने विश्वास लिएकोछु ।

उल्लेखित प्रगति समिक्षा प्रस्तुत गरी सकेपछि चालु आ.व.मा भएको खर्च प्रस्तुत गर्न यस गरिमामय सभामा अनुमति चाहन्छु ।

चालु आ.व.२०७८/०७९ का लागि ६४ करोड ३७ लाख ५५ विनियोजन गरिएकोमा संशोधित अनुमान ९७क रोड १२ लाख ५२ हजार  मध्य चालु खर्च३९ करोड ४३ लाख ८५ हजार र पुँजिगत खर्च ३५ करोड ०७ लाख १५ हजार प्रदेश सरकार अन्य खर्च ४करोड ७४ लाख ५६ हजार र संघीय सरकार सामाजिक सुरक्षा तथा सडक वोर्डको खर्च गरी १७ करोड ९४ लाख ६४ हजार हुने अनुमान गरेको छु ।

## खण्ड २
## वजेटका प्राथमिकता र विनियोजन

**सभाध्यक्ष महोदय**

अव म चालु आ.व.मा गरेका कार्यको संक्षिप्त समीक्षा प्रस्तुती पछि आगामी आ.व.२०७९।०८० को क्षेत्रगत उद्देश्य तथा प्राथमिकताका आधार प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

क आर्थिक सामाजिक साँस्कृतिक तथा भौतिक विकासका लागि स्वस्थ सवल सक्षम नागिरक निर्माण गर्न  स्वास्थ सेवा प्रबाहलाई सर्ब सुलभ र गुणस्तरीय वनाउने ।

ख सवल र सक्षम नागरिको विकासका लागि  माध्यमिक तह सम्मका सबैलाई निशुल्क र जीवन उपयोगी शिक्षा उपलब्ध गराउने ।

ग नगरको विकासमा सबैको समान अधिकार तथा कर्तब्य बोध गराउन सबै लिंग बर्ग समूदायको विकास तथा समावेशीकरणमा जोड दिने ।

घ भौतिक पूर्बाधार विकासको आधार भएकाले दिगो र गुणस्तरीय  पूर्बाधार विकासमा जोड दिने ।

ङ वातावरणीय अनुकूलताका आधारमा विकासलाई दिगो ब्यवस्थित वनाउन जोड दिने ।

च आर्थिक समुन्नतिको लागि रोजगारी तथा स्वरोजगारी  वृद्धि गर्न तर्फ जोड दिने ।

छ जनमुखी स्वच्छ छरितो  प्रविधि मैत्री सार्वजनि सेवा प्रबाहमा जोड दिने ।

सभा अध्यक्ष महोदय अव म प्राथमिकता प्राप्त क्षेत्रमा स्थानीय सकारले लिएका नीति अनुसार आगामी वर्ष संचालन गरिने योजना कार्यक्रम तथा वजेटलाई संक्षिप्त रूपमा प्रस्तुत गर्न चाहन्छु।

"समृद्ध नगर,सुखी नगरवासी" को संकल्प पुरा गर्न नगरपालिकाको एक्लो प्रयासवाट मात्र संभव हुने कुरा होईन र एकै आ व भित्र गरी सक्ने कुरापनि होइन । यसका लागि संघीय

सरकार, प्रदेश सरकार तथा अन्य सहयोगी दातृ निकाय, संघ,संस्थाको साथ सहयोग अति आवश्यक पर्ने भएकाले ती सरकार तथा दातृ निकाय संघ  संस्थालाई यस नगरपालिकामा आई काम गर्ने वातावरण तयार गर्नका लागि आगामी आ व को वजेटमा समपुरक खर्चका लागि रू १ करोड ५० लाख र लगानी साझेदारी कोष्का लागि रू १ करोड लाख वजेट विनियोजन गरिएको छ । यसवाट नगरपालिकाको विकासका लागि अन्य सरकार , संघ संस्थावाट लगानी भित्र्याउन सफल भई भौतिक आर्थिक तथा सामाजिक विकास गर्री "समृद्ध नगर,सुखी नगरवासी" को संकल्प पुरा गर्न सक्षम हुनेछौं भन्ने विश्वास  लिएको छु ।

सामाजिक विकास

स्वास्थ्य

क सवल र सक्षम  मानव पूजि निर्माणका लागि नगरका ६ वटा स्वास्थ्य चौकी ७ वटा आधारभूत  स्वास्थ्य केन्द्रर र  ५ वटा शहरी स्वास्थ केन्द्रवाट निशुल्क रूपमा नियमित आधारभूत स्वास्थ्य सेवा प्राप्त गर्न सकिने  गरी आवश्यक जनशक्ति तथा अन्य ब्यवस्थाका लागि वजेटको विनियोजन  गरिएको छ ।

ख आधारभुत स्वास्थ्य सेवा, आर्युबेद तथा बैकल्पिक चिकित्सा, मानसिक स्वास्थ्य लगायत निरोधात्मक, प्रर्बधनात्मक, उपचारात्मक तथा पुर्नस्थापना सेवा, खोप केन्द्र, गांउघर क्लिनीक लगायत समुदायमा आधारित स्वास्थ्य सेवा तथा कोभिड १९ लगायत अन्य सरूवा रोग नियन्त्रण  परिक्षण, निगरानी तथा उपचार का लागि आवश्यक वजेट ब्यवस्था गरेकोछु  ।

ग सुनौला १००० दिनका आमाहरू तथा किशोरीहरूको पोषण स्थिती सुधारका लागी बृहत पोषण कार्यक्रम संचालन  तथा टोल, वडा र नगरपालिकालाई पोषणयुक्त नगरपालिका कार्यक्रम संचालनका लागि संघीय सरकारवाट रू ६ लाख ७३ वजेट विनियोजन गरिएको छ।

घ **"गर्भवती तथा सुत्केरी महिला संग उपमेयर"** कार्यक्रम संचालनका लागि रू ७ लाख वजेटको ब्यवस्था गरेको छु  ।

ङ अति गरिब तथा विपन्न नागरिकको स्वास्थ्य बिमा गर्दा लाग्ने खर्च रकम भूक्तानी गर्न आवश्यक  रू १० लाख वजेटको विनियोजन गरेको छु ।

छ सामुदायिक महिला स्वास्थ्य स्वय सेबिकाको प्रोत्साहन लागि **सामुदायिक महिला स्वास्थ्य स्वयम सेवका प्रोत्साहनका लागि  प्रदेश सरकारमार्फत**  १५ लाख ६० हजार वजेटको विनियोजन गरेको छु ।

ज स्वास्थ्यका दृष्टिकोणले जोखिममा रहेका बालबालिका, गर्भवती,सुत्केरी महिला, जेष्ठ नागरिक, अपाँगता भएकाहरू, सिमान्तकृत र लोपउन्मुख बर्गहरूको लागि **बिशेष स्वास्थ्य सेवा कार्यक्रम** संचालन गर्न आवश्यक वजेटको ब्यबस्था मिलाएको छु ।

झ क्षयरोग मुक्त नेपाल घोषणा अभियान कार्यक्रम **"क्षयरोग मुक्त गुर्भाकोट नगरपालिका – हाम्रो प्रतिबद्धता"** भन्ने मुलनाराका साथ प्रभावकारी रूपमा संचालन गर्न आवश्यक वजेटको ब्यबस्था मिलाएको छु ।

समग्र स्वास्थ्य क्षेत्रको लागि संघीय सरकारको रू ३ करोड ८७ लाख र स्थानीय सरकारवाट रू १ करोड ७८ लाख गरी जम्मा रू ५ करोड ८४ लाख विनियोजन गरेको छु ।

शिक्षा

क. नगर क्षेत्र भित्रका अभिभावक गुमाई जोखिममा परेका अनाथ वालवालिका तथा द्वन्द पिडीत वालवालिकाहरूको नगरपालिकाले अभिभावकत्व ग्रहण गरी आवशीय सुविधा सहित निशुल्क शिक्षा दिन **जोखिममा पेको वालवालिका, सहारा हुनेछ गुर्भाकोट नगरपालिका** भन्ने नाराकासाथ **हामी अभिभावक** कार्यक्रमका लागि ३० लाख वजेट विनियोजन गरेको छु ।

ख. समृद्ध नगर शुखी नगरवासी को नारालाई मूर्त रूप दिन माध्यमिक तहका विद्यालयहरूमा पढ्दै कमाउँदै कार्यक्रम संघ प्रदेश सरकारसंगको समन्वय तथा साझेदारीमा संचालनको लागि आवश्यक वजेट व्यवस्था गरेकोछु ।

ग. .मानव जातिको वौद्धिक पुँजिको रूपमा रहेको शिक्षालाई सर्वसुलभ एवं गुणस्तरीय र प्रभावकारी वनाउन सामुदायिक विद्यालयको भौतिक सुधारका लागि आवश्यक वजेट विनियोजन गरेको छु । त्यसै गरी विद्यार्थि संख्याका आधारमा पढाई अनुदान दिनका लागि आवश्यक वजेट विनियोजन गरेको छु ।

घ. विद्यालय शिक्षाको अभिन्न अंगको रूपमा प्रारम्भिक वालविकास शिक्षालाई सवै वालवालिकालाई वालविकासको अनुभव सहित वालकक्षा वालसिकाईको केन्द्र वनाउन कक्षा कोठामा वसाई सहज वनाउन पि फम,कार्पेट छापामय कोठा वनाउने, नीतिलाई निरन्तरता दिईने छ ।

ङ . महिनावरी हुने उमेरका विद्यालयका छात्राहरूलाई महिनावारी हुदा कक्षा छोड्नु पर्ने वाध्यता हटाउन संघीय सरकारको अनुदानमा सामुदायिक विद्यालयमा अध्ययन गर्ने छात्राहरूलाई निशुल्क सेनीटरी प्याड वितरण तथा छात्रा रेष्टवेडको व्यवस्था गर्नका

लागि संघीय सरकारको सहयोगमा रू ३८ लाख ६३ हजार वजेटको ब्यवस्था गरिएको छ ।

छ  यस नगरवाट उच्च शिक्षा अध्ययनका लागि बाहिर  जानु पर्ने बाध्यतालाई कम गर्न निर्माणधिन गुमी क्याम्पसलाई चालु आ व मै सम्पन्न गर्न संघीय सरकारवाट समपुरक अनुदान रू १ करोड ५० लाख  प्राप्त भएकोमा  नगरवालिकावाट पनि १ करोड ५० लाख  वजेट विनियोजन गरेको छु ।

ज. "स्वास्थ्यका लागि खेलकुद राष्ट्का लागि खेलकुद" भन्ने नारालाई आत्मसात गरी खेलकुदको विकास  तथा प्रवर्द्धन गर्न संघीय सरकारवाट गुर्भाकोट ७ मा  खेलकुद पूर्बाधार निर्माको लागि रू ८ लाख वजेट विनियोजन  गरिएकोछ । संघ सरकार कर्णाली प्रदेश सरकार र यस नगरपालिकाको साझेदारीमा नगरस्तरिय खेलकुद रंगशाला तथा कभर्ड हल निर्माणका लागि आवश्यक पहल गरिने छ।  खेलकुदको विकासका लागि राष्ट्रपति रनिङ सिल्ड रू १ लाख तथा मेयरकप  तथा अन्य खेलकुद कार्यक्रम लागि रू २० लाख वजेटको ब्यवस्था गरेको छु

शिक्षा क्षेत्रको लागि संघीय सरकार सर्शत अनुदान  रू २५ करोड ६८ लाख , समपुरक अनुदान रू १ करोड ५० लाख र स्थानीय सरकारवाट , समपुरक अनुदानमा रू १ करोड ५० लाख । चालु तथा अन्य कार्यक्रममा २ करोड ६२ लाख गरी जम्मा रू ३१  करोड ३० लाख  वजेट विनियोजन गरेको छु ।

**ग महिला वालवालिका तथा सामाजिक समावेशीकरण**

क. यस नगर पालिका भित्र रहेका  दलित महिला,आदीवासी,जनजाती,गरीब,तथा लोपोन्मुख तथा सिमान्तकृत तथा फरक क्षमता भएका समूदायको  उत्थान,विकास र मूलप्रवाहिकरणका लागि विभिन्न किसिमका चेतना मूलक, आयमूलक , सीपमूलक  तथा रोजगार मूलक कार्यक्रम संचालन  गर्न रू ३५ लाख वजेटको ब्यवस्था गरेको छु ।

ख. **"वाल विवाह मुक्त हाम्रो नगर,बालमैत्रीयुक्त समृद्ध गुर्भाकोट"** भन्ने संकल्पलाई आत्मसात गर्दै वालविवाह मुक्त  नगर  कायम गर्ने  विभिन्न कार्यक्रमहरू संचालन गर्ने कार्यलाई निरन्तरता दिन रू ५ लाख  वजेटको ब्यवस्था गरेको छु ।

ग नगर क्षेत्र भित्र विद्यमान कुरीति तथा दुर्व्यसनहरूलाई न्यूनीकरणका लागि  चेतना मूलक कार्यक्रम संचालन गर्न आब्श्यक ब्यवस्था मिलाएकोछु ।

घ **जेष्ठ नागरिकको सम्मान नगरको अभियान** नाराका साथ नगरमा रहेका जेष्ठ नागरिकहरूको लागि जेष्ठनागरिक चौतारी कार्यक्रम संचालन गर्न आवश्यक वजेटको व्यवस्था गरेको छु। महिला, आदीवासी, जनजाती, लोपोन्मुख तथा सिमान्तकृत समूदाय जेष्ठनागरिक लगायतको क्षेत्रको सामाजिक समावेशीकरणका लागि रू ४० लाख वजेट विनियोजन गरेको छु ।

**खानेपानी सरसफाइ**

क. स्वच्छ खानेपानी नागरिकको घरदैलोमा पुरयाउन संघीय सरकार प्रदेश सरकार नगर पालिका तथा अन्य सरकारी तथा गैर सरकारी संघ संस्थाको साझेदारीमा सुविधा नपुगेका वस्तीका नागरिकलाई स्वच्छ खानेपानीको सुविधा पुर्याउन उच्च प्राथमिकता दिने नीतिलाई निरन्तरता दिइनेछ । यसका लागि वडानं ५ मा रहेको खानेपानीको समस्या समाधानको लागि संघीय सरकारको सहयोगमा रू १५ लाख वजेट विनियोजन गरिएको छ। त्यसैगरी वडानं ५ को जलुकने खानेपानी आयोजनालाई प्रदेश सरकारकवाट रू रू १५ लाख वजेट विनियोजन गरिएको छ। नगर क्षेत्रका विभिन्न वडाका वस्तीहरूमा रहेको खानेपानीको समस्या समाधानको लागि नगर क्षेत्र भित्र निर्माण भै हाल संचालनमा नरहेका खानेपानी आयोजनाहरूको पहिचान गरी ती योजनाको मर्मत संभार तथा मुहानको संरक्षण गर्न संघीय सरकारको सहयोगमा रू ३५ लाख वजेट विनियोजन गरिएको छ। यसका अतिरिक्त वडाका वजेट तथा कार्यक्रमवाट पनि खानेपानी योजनाको मर्मत संभार तथा मुहान संरक्षणमा वजेट विनियोजन भैरहेकोले विभिन्न वडाका वस्तीहरूमा रहेको खानेपानीको समस्या समाधान हुनेछ भन्ने विश्वास लिएको छु ।

ख. "सफा सुन्दर शहर हाम्रो रहर" भन्ने नारा सफल पार्न नगर बासीको सहभागितामा फोहर व्यवस्थापन गर्ने नीति तथा गुरू योजना तयार गर्न संघ प्रदेश सरकार तथा अन्य सकारी तथा गैह्र सरकारी संस्थाको सहयोग लिंदै नगरको फोहर व्यवस्थापन गर्न रू आवश्यक वजेटको व्यवस्था गरेको छु।

**भौतिक पूर्बाधार**

क. यस नगरका सबै वडा कार्यालय सम्म पुग्ने सडक निर्माण कार्य सम्पन्न भैसकेको छ । नगरका अधिकांस वस्तीहरू पनि सडक संजालसंग जोडिएका छन । सडक संजालसंग जोडिन बाँकी वस्तीलाई सडक संजालसँग जोड्ने कार्यलाई निरन्तरता दिंदै वडाकार्यालय सम्म जोड्ने सडकलाई बाह्रै महिना मोटर चल्ने सक्ने गरी सडक स्तरोन्नति गर्दै लैजाने नीति अनुसार सघीय सरकार, कर्णाली प्रदेश सरकारको साझेदारी एवं यस नगरको बजेट समेतवाट "ठूला पूर्वाधार विकासको आधार" कार्यक्रम संचालन गरी वडाकार्यालय सम्म

जोड्ने सडकलाई बाह्रै महिना मोटर चल्ने सक्ने वनाउन आवश्यक वजेटको ब्यस्था गरेको छु । जसवाट वर्षातका समयमा पनि निरन्तर यातायातका साधन संचालन हुन गई जनताले **सम्वृद्ध नगर,सुखी नगरवासी** भएको महसूस गर्नेछन् भन्ने विश्वास लिएकोछु ।

ख शहरी विकासको झलक नै कालोपत्रे सडक भएकोले यातायातका साधनहरूको वढीचाप भएका सडकहरूलाई सघीय सरकार, कर्णाली प्रदेश सरकारको साझेदारीमा कालो पत्रे गर्नका लागि आवश्यक ब्यस्था गरिनेछ ।

ग **जनताले तिरेको कर जनताका लागि** भन्ने नारालाई सार्थक तुल्याउन आन्तरिक स्रोतवाट कम्तीमा पनि नगर गौरवको योजनाहरू संचालन गर्न आवश्यक वजेटका ब्यस्था गरेको छु।

घ **"वडाको विकास नगरलाई निकास"** नीति अनुरूप वडामा ठूला योजना कर्यान्वयन विना विकासको महसुश गर्न नसक्ने भएकाले वडा गौर योजना संचालन गर्ने गरी वडामा आवश्यक वजेटको ब्यवस्था गरिएको छ । यसवाट वडाको विकासमा महत्वपूर्ण कोसेढुंगा सावित हुने विश्वास लिईएको छु ।

**पुल पुलेसा**

क बर्षातको समयमाा वाढीका कारण सडक अवरूद्ध भइ नगरवासीलाई आवत जावतमा परेको समस्यालाई समाधान गर्न सघीय सरकारवाट संचाति पुल तथा झोलुंगे पुल चालु आ व भित्रै सम्पन्न गर्न आवश्यक पहल गरिनेछ । यस नगरपालिका भित्र रहेका खोला नालाहरूमा कल्भर्ट कचवे आदि निर्माण गर्न आवश्यक वजेटको ब्यवस्था गरेको छु । यसवाट बर्षातको समयमा वाढीका कारण सडक अवरूद्ध भई जनता भोग्नु परेको समस्यामा कमी आउने विश्वास लिएको छु ।

**उर्जा तथा जलस्रोत**

क यस नगरपालिका तथा सामुदायिक विद्युतीकरण आयोजनको सहकार्यमा आगामी आ व भित्र वडा नं ३ लाई नेपाल विद्युत प्राधिकरणको राष्ट्रिय प्रसारण लाइन जोडी नगरका सबै वडालाई केन्दीय प्रसारण लाइनसंग जोड्ने अभियान पुरा हुनेछ । यसवाट वडा ३ का जनताले **सम्वृद्ध नगर,सुखी नगरवासी** भएको महसूस गर्नेछन् भन्ने विश्वास लिएकोछु ।

ख नगरका विभिन्न वडाका विघुतको पहुँच नपुगेको वस्तहिरूमा संघीय तथा प्रदेश  सरकारको सहकार्यमा  विद्युत विस्तार कार्यलाई थप व्यवस्थित वनाउन आवश्यक वजेट व्यवस्था गरेकोछु ।

**घर जग्गा तथा भवन निर्माण**

क. २०७४को सथानीय निर्बाचन पछि तत्कालमा  नगरपालिकाको कार्य संचालनको लागि अस्थायी संरचनाको रूपमा निर्माण गरिएको नगरपालिका भवनवाट सबै सेवालाई एकिकृत रूपमा संचालन गर्न भवन तथा स्थान अभाव हुन गएको सबैलाई अवगत नै छ। तसर्थ आगामी आ व मा नगरपालिका भवन निर्माणका लागि जग्गा खरिद गर्न रू १ करोड विनियोजन गरेको छु ।

ख. हाल पनि नगरपालिकाका २ वटा वडा कार्यालय भाडामा संचालन हुँदै आएका छन् । ती वडा कार्यालयको भवन निर्माण तथा साविकमा गा वि स संचालन भएका वडा कार्यालय भवन जीर्ण भै मर्मत सम्भार गर्नु  पर्ने अवस्थामा रहेकोले वडाकार्यालय निर्माण तथा मर्मतको लागि रू ५० लाख विनियोजन गरेको छु

**वन वातावरण तथा विपद व्यवस्थापन**

क . स्थानीय वडा गाउ वस्तिका नागरिकलाई विपत्ति पर्दा सवैभन्दा पहिला नागरिको भरोसाको केन्द्र स्थानीय सरकार नै भएकाले नगरपालिकाले विपद पूर्व तयारी तथा प्रतिकार्य योजना निर्माण कार्यलाई उच्च प्राथमिकता दिंदै सोका लागि आवश्यक वजेटको व्यवस्था गरेकोछु ।

ख . नगरपालिका भित्र हुने दैवि प्रकोप न्यनीकरण गर्न सकिन्छ,रोक्न  सकिने होईन भन्ने सत्यतालाई मध्यनजर गरी दैविप्रकोपबाट भएको क्षेतिवाट उद्धार गर्न खोजी गर्न, राहत उपलब्ध गराउन वा पूर्वाधारमा भएको क्षेतीमा थप क्षेति हुन नदिन विपद व्यबस्थापन कोषलाई यथासम्भव मजवुत वनाइ दैवि विपत्तिका अवस्थामा चाहिने अति आवश्यक सामाग्रीको मौज्दात राख्नका लागि  रू २५ लाख वजेटको व्यवस्था गरेकोछु ।

ग वातावरणको विनाससंगसगै जलवायू परिवर्तन हुदै गईरहेको परिपेक्षमा अति वृष्टि,अनावृष्टि भै सुख्खा खडेरी,वाढी,पहिरो आउने,चटयाङ  जस्ता  जलवायु जन्य विपद  न्यूनीकरण तथा उत्थानका लागि नगर पालिकाको एक्लो प्रयास मात्र संभव नभएकाले संघीय सरकार प्रदेश सरकार तथा सरोकारवाला अन्य संघ संस्थाहरूको सहयोगमा जलवायु जन्य विपद न्यूनीकरण तथा उत्थानशीलका विभिन्न कार्य संचालन  गरिनेछ । आगामी आ व मा जलवायु जन्य विपद  न्यूनीकरण तथा उत्थानशीलका  कार्यक्रम संचालन गर्न संघीय

सरकारवाट प्राप्त वजेटवाट अत्यावशक क्षोत्रमा मात्र खर्च गर्न आवश्यक वजेट ब्यवस्था गरेकोछु ।

समग्र जलवायु जन्य विपद न्यूनीकरण तथा उत्थानशील कार्यकका लागि संघीय सरकार सशर्तवाट रू २ करोड ५० हजार र नगरपालिकावाट रू २५ लाख गरी जम्मा रू २ करोड २५ लाख ५० हजार वजेट यवस्था गरेको छु । यसवाट नगरपालिका भरीका संकटाशन्न अवस्थामा रहेका नागरिहरूले भौतिक आर्थिक तथा सामाजिक रूपमा प्रत्यक्ष लाभ प्राप्त गर्न सक्नेछन भन्ने विवास लिइकोछु

**आर्थिक विकास**

**उद्योग तथा ब्यवसाय प्रबर्द्धन**

क. यस नगर पालिका भित्र रहेका श्रम गर्न सक्ने जनशक्तिलाई सिप विकास तालिम संचालन,प्रविधि हस्तान्तरण तथा अनुदान वितरण जस्ता कार्यका लागि उद्योग प्रबर्द्धन शाखावाट संचालन हुँदै आएको उप प्रमुख उद्यमशिलता कार्यक्रमलाई कार्यविधि अनुसार मागका आधारमा सिप विकास तालिम संचालन,प्रविधि हस्तान्तरण तथा अनुदान वितरण गर्ने गरी निरन्तराता दिन आगामी आ.व.मा रू १ करोड वजेटको ब्यवस्था गरेकोछु । उक्त कार्यक्रम संचालनवाट नगरको **एक घर एक रोजगार** कार्यक्रमलाई सफल पार्न सहयोग मिल्नेछ भन्ने विश्वास लिएको छु ।

ख स्थानीय लघुउद्यमीहरूको घरेलु उत्पादनलाई वजारीकरण गर्नका लागि स्थानीय स्तरमा कोशेली गृह संचालन गरिनेछ । यसवाट स्थानीय उत्पादनलाई बजार पुर्याउन सहजता निर्माण भई स्थानी लघु तथा घरेलु उत्पादनमा वृद्धि भई नगर आर्थिक समृद्धि तर्फ उन्मुख हुनेछ भन्ने विश्वास लिएकोछ।

ग संविधान प्रद्दत अधिकार अन्तर्गतको साना तथा घरेलु उद्योग ब्यववसाय दर्ता तथा नियमन का लागि हाल देखा परेको कानूनी जटिलताको संबोधन तथा निकासका लागि संघ तथा प्रदेश सरकारसंग आवश्यक पहल गरिनेछ । यसवाट नगरको उद्योग ब्यवसायको विकासमा टेवा पुग्ने विश्वास लिएकोछु।

**सहकारी**

क. स्थानीयस्तरमा छरिएर रहेको पूँजि श्रम र सीपको उचित प्रयोग तथा ब्यवस्थापन गरी राष्ट्रिय पूँजि निर्माण तथा अर्थतन्त्रको विकासको लागि महत्व पूर्ण सहकारी क्षेत्रवाट स्थानीय उत्पादन बृद्धि तथा रोजगारी निर्माणमा पुर्याएको योगदानको कदर गर्दै आगामी

दिनमा नगरको बेरोजगारीको समस्या हल गर्न आर्थिक समृद्धि तर्फ नगरलाई अगाडि वढाउन उत्प्ररित गर्न सहकारी संस्थाको विकास,नियमन तथा प्रवर्द्धनका लागि तालिम, गोष्ठी, अन्तरकृया,अध्ययन अवलोकल भ्रमणका तथा सम्मान कार्यक्रम संचालन गर्न सहकारी क्षेत्र तर्फ रू १० लाख वजेट विनियोजन गरेको छु ।

**पर्यटन**

क. **कर्णाली सम्बृद्धिको आधार पर्यटन विकार र पूर्वाधार** भन्ने नारा साकार पार्न यस नगर पालिका भित्र रहेका धार्िक तथा पर्यटकीय खटाङ क्षेत्रको विकास तथा संरक्षण गर्न संघ तथा प्रदेश सरकारसंग समन्वय गरी आवश्यक व्यवस्था गर्न पहल गरिनेछ । वडा नं २ मा रहेको मालारानी गुफाको संरक्षण, विकास र प्रचार प्रसार तथा अन्य पर्यटन क्षेत्रको पहिचान संरक्ष र विकासका लागि कामका रू १० लाख वजेट विनियोजन गरेको छु । यसवाट मालारानी गुफाको अन्य पर्यटकीय क्षेत्रको संरक्षण तथा प्रचार प्रसार हुन गई बाह्य पर्यटक भित्र्याउन सफलता मिल्ने विश्वास लिएको छु ।

कृषि तथा पशुपालन

क आजको जस्तो भूमण्डलीकरणको युग र हाम्रो जस्तो देशकालागि आधुनिक सीप प्रविधिको ज्ञान विना कृषि क्षेत्रको विकास असंभव छ । कृषकलाई आधुनिक सीप प्रविधिको ज्ञान दिन दक्ष जनशक्तिको आवश्यकता महसूस गरी संघीय सरकारको सहयोगमा एक स्नातक कृषि प्राविधि र एक भेटनरी चिकित्सकको व्यवस्थाका लागि संघीय सरकारको सहयोगमा रू ८ लाख ३० वजेट व्यवस्था गरिएको छ ।

ख गैर किसानले सरकारी अनुदान सहुलियत पाइ रहेको र वास्तविक किसानको पहिचानमै नपरेको जनगुनासो कम गर्न वास्तविक किसानको पहिचान गरी उनीहरूलाई प्रोत्साहन कार्यक्रम संचालन गर्न संघयि सरकारको सहयोगमा किसान सूचिकरण कार्यक्रम संचालन गरिनेछ । यसका लागि रू ३ लाख वजेट व्यवस्था गरिएकोछ ।

ग. स्थानीय किसान समुह,सहकारी र व्यक्तिको साझेदारीमा तरकारी खाध्यान्न तथा पशु उत्पादनमा वृद्धी एवं उत्पादन क्षेत्रको पहिचान गर्न संचालित तरकारी पकेट, धान पकेट मकै पकेट लगायतका कृषि पकेट क्षेत्र विकास कार्यक्रमवाट लागत अनुमानको ५० देखि

८५ प्रतिशत सम्म अनुदान दिने नीततिलाई यस वजेटमा पनि निरन्तरता दिइएकोछ । यसका लागि संघीय सरकारको सहयोगमा नयाँ तरकारीवाली पकेट विकास कार्यक्रम लागि रू १२ लाख वजेट ब्यवस्था गरिएकोछ । त्यसैगरी उन्नत खाद्यन्नवाली विउ वितरणका लागि रू ८ लाख ५० हजार वजेट ब्यवस्था गरिएकोछ । यसवाट किसानको लागतमा कमी आई उत्पादन बृद्धि भई किसानको आर्थिक जीवस्तर माथि उठ्ने विश्वास लिएको छु।

घ. कृषि तथा र पशु जन्य उत्पादन बृद्धि, कृषि तथा र पशु पालन ब्यवसायको विकास प्रवर्द्धन तथा कृषि तथा र पशु जन्य उत्पादन वजारीकरणका लागि कृषि सम्बन्धी ज्ञान भएका यूवाका लागि रोजगार वनाउन विभिन्न कार्यक्रम संचालन गर्न राष्ट्र संघीय विकास कार्यक्रम UNDP सँगको साझेदारी का लागि आवश्यक वजेट ब्यवस्था गरेकोछु । साथै प्रदेश सरकार तथा अन्य संघ संस्थासंग साझेदारी गर्न आवश्यक वजेट ब्यवस्था गरेको छु । यस कार्यक्रमको संचालनवाट नगरको कृषि क्षेत्रमा बाह्य लगानी भित्रन गई नगरको आर्थिक समृद्धिका लागि यो कार्यक्रम एक कोशे ढुँगा सावित हुनेछ भन्ने विश्वास लिएकोछु ।

ङ पशुपालन तर्फ उत्पादन क्षेत्रको पहिचान भै पकेट विकास कार्यक्रम संचालन नभएका स्थानमा बाख्रा पकेट विकास कार्यक्रम संचालनको लागि संघीय सरकारको सहयोगमा रू १५ लाख वजेट ब्यवस्था गरिएकोछ । यसवाट किसानको लागतमा कमी आई उत्पादन बृद्धि भई बाख्रापालक किसानको आर्थिक जीवस्तर माथि उठ्ने विश्वास लिएको छु ।

च. विषादी युक्त खानाले मानव स्वास्थ्यमा पारेको नकारात्म प्रभावलाई कम गर्न जैविक खेती पद्दतिको विकासका लागि जैविक मल र औषधि प्रयोगलाई प्रोत्साहन गर्ने जनचेतामूलक कार्यक्रम संचालन गरिनेछ ।यसका लागि आवश्यक वजेटको ब्यवस्था गरेको छु ।

छ **"प्रविधिको उपयोग कृषिमा सहयोग"** भन्ने अठोटलाई सार्थक तुल्याउन कृषि तथा पशुपालनमा यान्त्रिकरणका लागि किसानको लगानीमा लागत सहभागिता गर्न ५० प्रतिशत

अनुदान दिने कार्यक्रमलाई निरनतरता दिंदै उक्त कार्यक्रमका लागि आवश्यक वजेटका ब्यवस्था गरेको छु ।

ज कृषि तथा पशुपालनमा गरिएको लगानीको जोखिमवाट कृषकलाई राहत दिन कृषि तथा पशु विमा गर्न प्रोत्साहित गर्न केही प्रतिशत सम्म रकम अनुदान दिन आवश्यक वजेटको ब्यवस्था गरेको छु ।

झ. पशु आहारमा सुधार उत्पादनको मुख्य आधार भएकाले पशु आहारको मुख्य स्रोत घाँसको उत्पादन बृद्धिका लागि उन्नत जातका घाँसको विउ तथा वेर्नामा अनुदान दिने नीतिलाई निरन्तरता ददैं उक्त कार्यक्रमका लागि आवश्यक रकम ब्यवस्था गरेको छु।

ञ पशुपञ्छीमा लाग्ने माहामारी जन्य रोगवाट किसानका पशुपञ्छीलाई वचाइ किसानको लगानीको जोखिम कम गर्न पशुपञ्छीको माहामारी रोग नियन्त्रण कार्यक्रममा संघ, प्रदेश तथा स्थानीय सरकार र अन्य संघ संस्थाको साझेदारीमा माहामारी जन्य रोग नियन्त्रणका लागि आवश्यक कार्यक्रम संचालन गरिंदै आएकोमा यसका लागि चालु आ व मा आवश्यक वजेटको ब्यवस्था गरेको छु ।

ट बाँझो तथा सुक्खा जमिनको उपयोग गरी कृषि उत्पादनमा आत्म निर्भर हुन फलफूल खेती विस्तार गर्न फलफुलका विरूवामा ५० प्रतिशत अनुदानमा वितरण गर्न आवश्यक वजेटको ब्यवस्था गरेको छु।

ठ.पोषण सुधारका लागि एक घर एक करेसाबारी कार्यक्रम संचालन गर्न मिनिकिट वितरण कार्यक्रम संचालनको लागि आवश्यक वजेटको ब्यवस्था गरेको छु।

ड कृषि उत्पादन वृद्धिका लागि सिंचित क्षेत्रफल विस्तार अति आवश्यक हुन्छ । हाम्रो जस्तो भूभाग भएको क्षेत्रमा ठूला सिंचाइका योजना संचालनको लागि नगरपालिका एक्लैको लगानीले असम्भव हुने भएकाले साना भूमिगत तथा सतह सिंचाइका कार्यक्रम वडा स्तरवाट संचालन गर्न आवश्यक वजेटको ब्यवस्था गरेको छु। सिचाई सुविधा नपुगेका

क्षेत्रमा सिचाईको सुविधा पुर्याउन प्रदेश सरकार भेरीबवई डाइभर्सनसंग समन्वय गरी साना भूमिगत तथा सतह सिंचाइका कार्यक्रम संचालन गर्न आवश्यक वजेट ब्यवस्था गरिनेछ ।

ढ एकिकृत खाद्य सुरक्षा तथा पोषण सुधार कार्यक्रमका लागि संघीय सरकारको विशेष अनुदान आवश्यकताका आधारमा कार्यक्रम संचालन गर्न रू ५० लाख विनियोजन गरिएकोछ ।

**सुशासन तथा सार्वजनिक सेवाप्रबाह**

क. नगरपालिका भित्र सामाजिक सुरक्षा तथा ब्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण गरी अनलाईन सेवावाट घटना दर्ता र सामाजिक सुरक्षा कार्यक्रम संचालन भै रहेकाले उक्त कार्यक्रममा लगानी साझेदारीका लागि आवश्यक वजेट ब्यस्था गरेको छु । सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई थप सहज र ब्यवस्थित वनाउन सरोकावाल पक्षसँग समन्वयात्क रूपमा आवश्यक पहल गरिनेछ ।

ख. स्थानीय न्यायीक समितिको कामलाई वस्तुपरक बनाउन मेलमिलाप सम्वन्धि विद्यमान प्रक्रियालाई थप स्पष्टताकासाथ अगाडी बढाउन न्यायिक समितिमा काम गर्ने जनशक्तिको दक्षता अभिबृद्धि गरी न्यायिक कार्यसंपादनलाई कानूनी प्रकृया अनुरूपको वनाउन न्यायिक समिति क्षमता विकास र न्यायिक समिति ब्यवस्थापन कार्यक्रको लागि रू १५लाख वजेट ब्यवस्था गरेको छु ।

ग. नगरबासीको वर्षौंदेखिको जग्गाको मालिक वन्ने सपनालाई आगामी आ व मा पूरा गर्नको लागि भूमिहीन दलित,भूमिहीन सुकुमवासी तथा अब्यवस्थित वसोवासीको समस्या समाधान आयोगको काममा सहयोग गर्ने नीतिलाई प्राथमिकताका साथ लागु गर्ने नीति लिइनेछ । यसका लागि पनि आवश्यक वजेट ब्यवस्था गरेको छु

घ उपभोक्ताको हित संरक्षण गर्न बजार अनुगमन तिव्र वनाईनेछ।वजार ब्यवस्थापन समिति गठनलाई संस्थागत गर्दै,समितिकै सहभागीतामा वजार सरसफाई,मूल्यश्रृंखला निर्धारण गरी ब्यवस्थित गरिने छ।

ङ. नगरपालिकाको आन्तिरिक आय वृद्धि गरी आफैमा खर्च धान्न सक्ने तर्फ उन्मखु गराउन राजश्वका स्रोतका पहिचान , करका दर निर्धारण तथा कर संकलन प्रकृयालाई ब्यवस्थित गर्न राजश्व सुधार कार्ययोजना निर्माण ,आर्थिक ऐन अनुसारको कर असुली कार्यविधि निर्माणका तथा करदाता दर्ता तथा शिक्षा शिविर संचालन का लागि रू ५ लाख वजेट ब्यवस्था गरेको छु । यसवाट राजश्वको मुख्य स्रोतका पहिचान हुन गई हाल मुख्य रूपमा रहेका वार्षिक ब्यवसाय कर घरवहाल कर असूली समस्या समाधान भई आन्तरिक आयमा वृद्दि हुने अपेक्षा राखेकोछु ।

सभाअध्यक्ष महोदय

च. हामीले हालै सम्पन्न स्थानीय निर्बाचनमा हाम्रा नगरवासीको समक्ष राखेका घोषणा पत्र प्रतिवद्धता तथा यस नगरको विद्यमान अवस्था मध्य नजर गरी नगरका सबै पक्षको सल्लाह सुझाव समेटे हामीले लिने आगामी ५ वर्षको लक्ष उद्देश्य , संचालन गरिने योजना तथा कार्यक्रम र सोका लागि आवश्यक स्रोतको ब्यस्था सहितका आवधिक योजना निर्माण आजको हाम्रो प्रमुख दायित्व तथा कर्तब्य रहेको छ । यसका लागि रू १० लाख वजेटका र विस्तृत परियाजना प्रतिवेदन तयारीका लागि १० लाख वजेटको ब्यवस्था गरेको छु। यसवाट आगामी ५ वर्ष सम्म योजना तथा कार्यक्रम छनौट तथा स्रोतको ब्यवस्थापनमा मार्ग दर्शन गर्नेछ भन्ने विश्वास लिएकोछु ।

छ. बर्षौ देखि चल्दै आएको असारे विकसको परिपाटीलाई चिर्न बार्षिक खरिद योजना तयार गरी तोकिएको समयमा बजेट तथा योजना कार्यान्वयनमा ल्याउन पहल गरिनेछ ।स्थानीय उपोक्ताहरूमा कानूनी प्रकृयाको बारेमा ज्ञानको अभावकका कारण हामीले ल्याएका वार्षिक बजेट नीति तथा कार्यक्रम समयै कार्यान्वयनमा आउन नसकेको महसूस गरी आगामी आ व मा पहलो चौमासिक भित्र उपभोक्ता समिति गठन गरी गठित उपभोक्ता समितिहरूको क्षमता विकास कार्यक्रमहरू संचालन गर्न प्रस्ताव गरेको छु । साथै सम्झौताको समय भित्र कार्य सम्पन्न नगरी पटक पटक म्याद थपगरी रहने परिपाटीको अन्तयका लागि आगामी आव देखि सम्झौताको म्याद थपमा जरिवाना लगाउन प्रस्ताव

गर्दछु । उपभोक्ता समितिहरूको क्षमता विकास तथा सचेतना कार्यक्रम संचालन गर्न रू २ लाख ११ हजार वजेटको ब्यवस्था गरेको छु ।

ज. नगरवासीको राय,सल्लाह सुझाव अनुसार शासन संचालन गर्नु तथा नगरबासीको गुनासो सुनुवाई गरी सम्बोधन गर्नु हामी निर्वाचित जनप्रतिनिधिको दायित्व हुन आउँछ। नगरवासीको राय,सल्लाह सुझाव तथा गुनासो सुनुवाइको लागि जनता संग मेयर उपमेयर कार्यक्रम संचालन गरिनेछ । यसका लागि आवश्यक वजेट ब्यवस्था गरेको छु।

झ. हामीले संम्पादन गरेका काम कारबीको बारेमा सरोकावाला सबैलाई जानकारी दिन सार्वजनिक सुनुवाई तथा सामाजिक लेखा परिक्षण,अर्ध वार्षिक र वार्षिक समिक्षा जस्ता कार्यक्रम सचालन गरिनेछ ।यसका लागि रू ३ लाख २० हजार वजेटको ब्यवस्था गरेको छु।

ट यस वजेट तथा कार्यक्रममा नपरेका तर नगरपालिकाले तत्काल गर्नु पर्ने दायित्व भित्रका आकस्मिक योजना तथा कार्यक्रम संचालनको लागि भैपरीपूँजिगत खर्चका लागि रू २ करोड विनियोजन गरेको छु ।

ठ स्थानीय जनताको आवश्यकता र चाहना अनुसार विकास निर्माण मर्मत सम्भार लगायतका पूजिगत खर्चका लागि रू ६ करोड ८०लाख ६८ हजार वजेट विनियोजन गरेकोछु ।

ड. सार्वजनि प्रशासनको आत्माको रूपमा रहेको कर्मचारी प्रशासनको मनोवल र सहयोग विना हामीले लिने लक्ष्य उद्देश्य तथा योजना कार्यक्रमहरू पूरा हुन नसक्ने हुँदा आ व २०७९। ८० देखि लागु हने गरी संघीय सरकारवाट कर्मचारीको तलवमा भएको बृद्धिलाई आधारमानी यस नगरपालिकामा हाल कार्यरत सबै सेवाका कर्मचारीले खाइपाइ आएको तलवमानमा १५ प्रतिशत बृद्धि गर्ने गरी आवश्यक वजेटको ब्यवस्था गरेको छु ।

ढ सम्पूर्ण दैनिक प्रशासनिक तथा अन्य विविध कार्यक्रम संचालन गर्न चालु खर्च तर्फ रू १३ करोड ४७ लाख विनियोजन गरेको छु । सम्पूर्ण चालु खर्चको विवरण अनुसूचि १ मा उल्लेख गरेको छु ।

ण यस नगर भित्र बसोबास गर्नु हुने सामाजिक सुरक्षा प्रणालीमा सूचिकृत सम्पूर्ण जेष्ठनागरिक, एकल महिला, अपाँग ,लोपोन्मुख जाति तथा वालवालिकालाई सामाजिक सुरक्षा भत्ता वितरणका लागि संघीय सकारको सहयोगमा रू २० करोड २५ लाख वजेट ब्यवस्था गरिएकोछ । सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई थप ब्यवस्थित सरल वनाउन आवश्यक पहल गरिनेछ ।

त. समयाभाव वा अन्य कुनै कारण बस यस चालु आ व मा भुक्तानी हुन नसकी भुक्तानी दिन बाँकी रहेका दायित्व भुक्तानीको लागि रू २ करोड ५० लाख विनियोजन गरेको छु ।

सभाध्यक्ष महोदय

यसरी सबै क्षेत्रको कूल खर्च रू ८५करोड ५८ लाख ३३ हजार मध्य नगरपालिका चालु रू १३ करोड ४७ लाख ,संघीय सर्शत चालु रू ३३ करोड २३ लाख, प्रदेश सरकार सर्शत चालु १ करोड १४ लाख ३३ हजार र सामाजिक सुरक्षा खर्च चालु २० करोड २५ लाख गरी जम्मा रू ६८ करोड ८ लाख ३३ हजार चालु खर्च र नगरपालिका पूँजिगत रू १८ करोड ८५ लाख र संघीय पूँजिगत रू ३ करोड ६४ लाख र प्रदेश सर्शत पूँजिगत २ करोड ४० लाख गरी जम्मा रू २४ करोड ८८ लाख पूँजिगत खर्च र रू२ करोड ५० लाख गत आ व भुक्तानी दिन हुने अनुमान गरेकोछु ।

## खण्ड ३
## खर्चका ब्यहोर्ने स्रोत

सभाअध्यक्ष महोदय

अव म राजश्व अनुमानका आधार प्रस्तुत गर्न चाहन्छु ।

क. विश्वभर फैलिएको कोभिड १८ तथा हालै जारी रहेको रूस युक्रेन युद्धका विश्व ब्यापी रूपमा भएको आर्थिक मन्दीवाट हाम्रो देश पनि अछुतो रहेको छैन । बैंकि· कारोवारमा

आएको मन्दी कारण समग्र आर्थिक क्षेत्र तहस नहस भएको छ । यसबाट सिंगो नेपालको अर्थतन्त्रमा असर परि राजश्व उठाउने क्षमतामा ह्रास आएको छ । त्यसको मारमा यस नगरपालिका समेत अछुतो रहेको छैन । राजश्वको दर र क्षेत्र समेतलाई आधार मानी राजश्व उठ्न सक्ने गरी अनुमान गरिएको छ । करका दरमा वृद्धि गर्ने भन्दा करका दायरा फराकिलो वनाउदै जान् नीति अनुरूप करका दरमा सामान्य फेरबदल गरिएको छ । त्यसै गरी जेष्ठ नागरिक, एकल महिला,अपा· ,अनाथ वालवालिका सिफारीसमा कर नलाग्ने गरी छुट दिने ब्यवस्थालाई निरन्तरता दिने गरी करका दर निर्धारण गरेकोछु ।

**ख.** आ.व.२०७७/०७८ को यथार्थ आय तथा ब्यय र आ.व.२०७८/०७९को संसोधित अनुमानीत आय ब्ययको र आगामी आ व २०७९/०८० को कार्यक्रम तथा बजेट अनुसूचीमा १ मा उल्लेख गरेको छु ।

सभाध्यक्ष महोदय

माथि प्रस्ताव गरिएको वजेट र खर्चको प्रस्तावमा आय तर्फ नेपाल सरकारवाट वित्तिय सम्मानीकरण रू १४ करोड ९९ लाख, राजश्ववांडफाँडवाट रू १३ करोड ११ लाख ४२ हजार, घरजग्गा रजिष्ट्रेशनवाट रू ९० लाख, कर्णाली प्रदेश सरकारबाट वित्तिय सम्मानीकरण रू १ करोड ५६ लाख ८४ हजार, राजश्व वांडफांड तर्फ सवारीसाधन कर रू २१ लाख ५३ हजार ७५६ सशर्त अनुदान चालु ९४ लाख,२० सर्शत पँजिगत रू २ करोड ४० लाख , विषेश अनुदान २० लाख १३ हजार संघीय सरकार शसर्त अनुदान चालु तर्फ रू ३२ करोड७३ हजार पुजिगत तर्फ रू २करोड१४ लाख अनुमान गरेको छु। यसै गरी नरपालिकाको आन्तरिक आयवाट रू १ करोड ६३ लाख ४० हजार सघीयवाट र न्यून हुने रकम रू २ करोड ५० लाख चालु आ.व.मा विनियोजित रकम वचतवाट पूर्ति हुने अनुमान गरेको छु ।

अन्तमा वजेट तयार गर्न सल्लाह, सुझाव प्रदान गर्नुहुने आदरणीय नगर प्रमुख,जनप्रतिनिधि,राजनैतिक दल,गुर्भाकोटवासी दाजु,भाइ, दिदी, वहिनी, आमा, वुवालाई प्रति हार्दिक कृतज्ञता प्रकट गर्न चाहन्छु । बजेट तयार गर्न महत्वपूर्ण सहयोग गर्नु हुने प्रमुख प्रशासकीय अधिकृत लगायत सवै कर्मचारीहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छु । समृद्ध गुर्भाकोट नगर निर्माणमा सवैको सहयोगको अपेक्षा गरेको छु ।

धन्यवाद।

मैना वि.क.
नगर उपप्रमुख